का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक १९०

❒ ९ भदौं २०७८, बुधबार

❒ 25 August 2021, Wednesday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

एमाले कलह

# २ जेठमा फर्कियो एमाले



सर्वोच्च अदालतले गएको २३ फागुनमा पुनर्स्थापना गरेको नेकपा एमालेमा २ जेठ २०७५ को पार्टी संरचना, नेतृत्व र विधान कायम गर्ने सहमति जुटेको छ । अलग पार्टी दर्ता गराएका पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल छोडेका दश नेता सहित बसेको स्थायी कमिटी बैठकले आगामी मंसिरमा महाधिवेशन गर्ने निर्णय पनि गरेको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ८ भदौ ।

नेकपा एमाले २ जेठ २०७५ मा फर्किएको छ । पूर्वप्रधानमन्त्री माधवकुमार नेपालको साथ छोडेका दश नेता सहभागी एमाले स्थायी कमिटी बैठकले पार्टी संरचना, नेतृत्व र विधान २ जेठ २०७५ अगाडिको अवस्थामा फर्काउने निर्णय गरेको हो । माधव नेपालले भने एमालेबाट अलग भएर २ भदौमा नेकपा एकीकृत समाजवादी गठन गरेका छन् ।

माधव नेपालको साथ छोडेका स्थायी कमिटी सदस्यहरु युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, भीम रावल, घनश्याम भूसाल, गोकर्ण बिष्ट, भीम आचार्य, योगेश भट्टराई, सुरेन्द्र पाण्डे, रघुजी पन्त र अमृतकुमार बोहोरा एमाले बैठकमा सहभागी भएका थिए । यी नेताहरुसँग अध्यक्ष केपी शर्मा ओलीले सोमबार साँझ दश बुँदे सहमति कार्यान्वयन गर्ने सहमति जनाएपछि मंगलबार स्थायी कमिटी बैठक बसेको थियो ।

यो बैठकले गएको २७ जेठमा जुटेको दश बुँदे सहमति कार्यान्वयन गर्दै एमाले पार्टी संरचना २ जेठ २०७५ अगाडिको अवस्थामा फर्काउने निर्णय गरेको हो । बैठकको निर्णयअनुसार, माओवादी केन्द्रसँग एकता गर्नुअगाडिको अवस्थामा एमाले पार्टी संरचना क्रियाशील हुनेछ ।

> २ जेठको अवस्थामा फर्काउदा बाँकी रहेका विषय मिलाउन कार्यदल समेत गठन भएको छ । कार्यदलमा उपाध्यक्ष भीम रावल, महासचिव ईश्वर पोखरेल, उपमहासचिव विष्णु पौडेल र घनश्याम भुसाल, स्थायी कमिटी सदस्य सुरेन्द्र पाण्डे र लेखराज भट्ट सदस्य छन् ।

१० बुँदे सहमतिका आधारमा क्रियाशील हुन सबै निकायलाई निर्देशन दिइएको प्रवक्ता प्रदीपकुमार ज्ञवालीले बताए । २ जेठको अवस्थामा फर्काउदा बाँकी रहेका विषय मिलाउन कार्यदल समेत गठन भएको छ । कार्यदलमा उपाध्यक्ष भीम रावल, महासचिव ईश्वर पोखरेल, उपमहासचिव विष्णु पौडेल र घनश्याम भुसाल, स्थायी कमिटी सदस्य सुरेन्द्र पाण्डे र लेखराज भट्ट सदस्य छन् । यो कार्यदलले दश प्रतिशत अनुमोदन सहित विभाग गठनलाई पूर्णता, संगठित सदस्यता लगायत विषय टुंग्याउनेछ ।

गएको २३ फागुनमा सर्वोच्च अदालतले तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकता प्रक्रिया भंग गर्दै एमाले र माओवादी केन्द्र भंग गरेको थियो । तर २८ फागुनमा अध्यक्ष ओलीले एकल ढंगले नवौं महाधिवेशनबाट निर्वाचित नेतृत्व विघटन, पदाधिकारी खारेज, माधव नेपाल समूहका नेताहरुलाई भूमिका विहीन बनाउने र माओवादी केन्द्र तर्फबाट आएका नेताहरुलाई मनोनयनको निर्णय गरेको थियो ।

यसपछि एमालेभित्र समानान्तर गतिविधि चलिरहेको थियो । गएको २ भदौमा मात्रै माधव नेपालको नेतृत्वमा एकीकृत समाजवादी बनेको छ । माधव नेपाल अलग भएपछि एमालेमा भने अध्यक्ष ओलीले गरेका केही निर्णय खारेज र केही निर्णय संशोधन भएको छ । २ जेठ २०७५ को पार्टी कमिटी कायम गर्दा अध्यक्ष ओलीले गएको ५ पुस यता बनाएका कमिटीहरु खारेज भएको छ भने गरिएको निर्णय पनि स्वत: खारेज भएको छ ।

तर दशौं महाधिवेशन र विधान महाधिवेशन लगायत निर्णयले भने निरन्तरता पाउने भएको छ । बैठकले आगामी मंसिर १०-१२ मा दशौं महाधिवेशन गर्ने निर्णय गरेको छ । यस्तै असोज ४, ५ र ६ गते विधान अधिवेशन गर्ने निर्णय भएको छ ।

यसअघि ओलीले एकल रुपमा भदौ २७ मा विधान महाधिवेशन गर्ने निर्णय गरेका थिए । तर पछि संशोधन भएको छ । बैठकले अर्को दल गठन गरेका माधव नेपाल सहितका नेताहरुलाई पार्टी एकताका निम्ति आह्वान समेत बाँकी पृष्ठ २ मा

# चन्द्रागिरिमा विभाजित एमाले

**समित श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, ८ भदौ ।

ललितपुरको तुलसीलाल स्मृति भवनमा एकताको दश बुँदे अनुमोदन भइरहँदा चन्द्रागिरिमा भने एमालेबाट अलग भएका माधवकुमार नेपाल नेतृत्वको केन्द्रीय कमिटी बैठक बसेको छ । बैठकका लागि अध्यक्ष नेपाल सहित केन्द्रीय सदस्य र सांसदहरु सोमबार साँझ नै चन्द्रागिरि गएका थिए ।

चन्द्रागिरिमा दिनभर बैठक चलेको छ । बैठकलाई अध्यक्ष माधव नेपाल लगायत नेताले सम्बोधन गरे । दिल्लीमा उपचारत बरिष्ठ नेता झलनाथ खनालले भर्चुअल माध्यमबाट बैठकलाई सम्बोधन गरेका थिए । दश बुँदे सहमतिको औचित्य नरहेको र एमालेका अध्यक्ष केपी शर्मा ओलीसँगै रहनेहरुका लागि सेफ ल्याण्डिङ भएको नेताहरुले जनाएका छन् ।

> गएको २ भदौमा एमालेबाट अलग भएर दर्ता भएको यो दललाई आज निर्वाचन आयोगले वैधानिकता दिदैछ । आयोगले नयाँ दललाई मान्यता दिन आज ११:३० बजे देखि २:०० बजेसम्म केन्द्रीय सदस्यहरुलाई सनाखतका लागि बोलाएको छ ।

चन्द्रागिरि पुगेर एकीकृत समाजवादी पार्टीको राजनीतिक प्रतिवेदन, सांगठानिक प्रतिवेदन र विधान माथि समेत छलफल भएको छ । गएको २ भदौमा एमालेबाट अलग भएर दर्ता भएको यो दललाई आज निर्वाचन आयोगले वैधानिकता दिदैछ । निर्वाचन आयोगले नयाँ दललाई मान्यता दिन आज ११:३० बजे देखि २:०० बजेसम्म केन्द्रीय सदस्यहरुलाई सनाखतका लागि बोलाएको छ ।

आयोगले तोकेको निर्धारित समयभित्र सनाखत गर्नुपर्ने आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले बताए । सरकारले दल विभाजनका लागि सहज हुनेगरी अध्यादेश ल्याए पछि माधव नेपालले अलग दल दर्ता गरेका थिए । अर्थात् गएको ५ पुस पछि राजनीतिक रुपमा भएको विभाजनले आज वैधानिकता पाउँदैछ । त्यसको अघिल्लो दिन मात्रै माधव नेपाल छोडेका दश नेताहरु सहित एमाले २ जेठ २०७५ को अवस्थामा फर्किएका छन् ।

दश बुँदेलाई अपूर्ण भन्दै आएका माधव नेपालले भने पार्टीको राजनीतिक, सांगठानिक र विधानलाई समेत टुंग्याएको छ । सैद्धान्तिक कार्यक्रम भने एमालेले मान्दै आएको जनताको बहुदलीय जनवाद (जबज) कै मूल्य, मान्यताको रक्षा गर्दै समाजवादको दिशामा अगाडि बढ्ने लक्ष्य निर्धारण गरेको छ । पार्टीको विधानमा पार्टीको राणनीतिक लक्ष्य बाँकी पृष्ठ २ मा




# इजरायलका लागि परेका आवेदनहरूमाथि छानविन शुरू

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ भदौ

वैदेशिक रोजगार विभागले इजरायल रोजगारीका लागि दिएका आवेदनकहरूको कडाईका साथ छानविन शुरु गरेको छ । विभागका अनुसार मंगलबारसम्म ७ हजार ९ सय ९९ आवेदन प्रक्रिया पूरा गरेको देखिएको छ । विभाग स्रोतका अनुसार धेरै आवेदकले पेश गरेका कागजातको अध्ययनमा विभागले तोके अनुसारको मापदण्डमा पाइएका छैनन् । हाल प्रक्रिया पूरा गरेका ७ हजार ९ सय ९९ आवेदनहरुमध्ये कम्तीमा २५ देखि ३० प्रतिशत घट्न सक्ने बताइएको छ ।


विभागले इजरायल रोजगारीको आवेदन माग गर्ने सूचनामा एसएसलसी/एसईई उत्तीर्णपछि १८ महिने सीएमए कोर्षको तालिम प्राप्त गरेको हुनुपर्ने उल्लेख गरेकोमा आवेदन दिनेहरु धेरैले दश महिने सीएमए उत्तीर्ण गरेका प्रमाणपत्रहरु पेश गरेको देखिएको छ ।

आवेदन दिएकामध्येबाट छनोट भइसकेपछि ३० प्रतिशत अर्थात तीन सय जना पुरुष र ७० प्रतिशत अर्थात सात सय जना महिला गरी एक हजार जनाले रोजगारी पाउने छन् ।

विभागले आवदेनहरुको छानविनपछि भदौ महिनाभित्र परीक्षा सञ्चालन गर्ने तयारी गरेको छ । तर विभागमा महानिर्देशकले अवकाश लिएको र नयाँ महानिर्देशक नआएका कारण त्यसले प्रभाव पार्न सक्ने स्रोतले बतायो ।

विभागले लिखित र मौखिक परीक्षा सञ्चालन गर्दा लोकसेवा आयोगले अबलम्बन गरेको विधि उपयोग गरिने बताएको छ ।

इजरायल रोजगारीका लागि शुरुमा १ हजार जना सहायक कामदार लैजाने बताएको छ । त्यसका लागि १ हजार ४ सय जना छनोट हुने छन् । रोजगारी प्रणाली योग्यता प्रणालीमा आधारित हुने विभागले जनाएको छ । विभागका अनुसार रोजगारीका लागि इजरायल जानेको मासिक पारिश्रमिक नेपाली रुपैयाँ करिब एक लाख ९३ हजार हुनेछ । कामदारको खानाको प्रबन्ध आफैं मिलाउनुपर्ने छ भने बस्ने व्यवस्था रोजगारदाताले नै मिलाउने जनाइएको छ ।



वैदेशिक रोजगार विशेष

## कतार जान लागेका कामदार गाँजासहित एयरपोर्टबाटै पक्राउ

**काठमाडौं/मस-** वैदेशिक रोजगारीका लागि कतार जान हिँडेका एक युवक त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा प्रतिबन्धित लागूऔषध गाँजासहित पक्राउ परेका छन् । मंगलबार बिहान कतार एयरवेजको उडानमार्फत दोहा जान लागेका चितवन खैरेनीका २९ वर्षीय बुद्धिराज पाठक गाँजासहित पक्राउ परेका हुन् ।

विमानस्थल प्रहरीका अनुसार ब्यागेज चेकिङ एरियामा स्क्रिनिङ गर्दा उनको साथमा ८ सय ग्राम गाँजा फेला परेको थियो । पाठकले ग्याष्ट्रिक हरण चूर्ण, सगरमाथा आयुर्वेदकि औषधी उद्योग गोकर्नेश्वर-१, काठमाडौं लेखिएको बट्टामा गाँजा लुकाएर झोलामा राखेको पाइएको बताइएको छ ।

यसैबीच वैदेशिक रोजगारीका लागि साउदी अरबमा कार्यरत १६ हजार आप्रवासी कानून उल्लंघनको आरोपमा पक्राउ परेका छन् । उनीहरुमाथि आवासीय, श्रम र सीमा सुरक्षा सम्बन्धी कानून उल्लंघन गरेको गल्फ न्युजले जनाएको छ । त्यसमा आवासीय कानून उल्लंघन गर्ने ५ हजार चार सय ३६ जना, बाँकी पृष्ठ २ मा

# महाधिवेशनतिर अग्रसर काँग्रेस

**काठमाडौं/मस-** सत्तारुढ नेपाली काँग्रेसको चौथो महाधिवेशनतिर लम्किएको छ । पार्टी विधान अनुसार चार वर्षभित्र महाधिवेशन गर्न नसकेको काँग्रेसको महाधिवेशन १८ भदौ देखि शुरु हुँदैछ । साढे पाँच वर्षभित्र महाधिवेशन गराउनैपर्ने संवैधानिक बाध्यतामा रहेको काँग्रेसले क्रियाशील सदस्यता विवाद हल गरेपछि महाधिवेशनतिर गति बढाएको छ ।

क्रियाशील सदस्यतासम्बन्धी बाँकी कार्य सम्पन्न गरी त्यसको प्रतिवेदन सोमबार पार्टी सभापति शेरबहादुर देउवा र वरिष्ठ नेता रामचन्द्र पौडेललाई बुझाइएको छ । प्रधानमन्त्री एवं सभापति देउवाको निजी निवास बूढानीलकण्ठमा क्रियाशील सदस्यताको बाँकी विवाद समाधानका लागि जिम्मेवारी तोकिएका नेताहरुका तर्फबाट पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलाले प्रतिवेदन बुझाए ।

क्रियाशील सदस्यताको बाँकी विवाद मिलाउन पार्टीले नेता सिटौलासहित केन्द्रीय सदस्यद्वय डा मीनेन्द्र रिजाल र रमेश लेखकलाई जिम्मेवारी प्रदान गरेको थियो ।

क्रियाशील सदस्यतालाई अन्तिम रुप दिएसँगै यही भदौ १८ गते तोकिएको कांग्रेसको गाउँ/नगर वडा अधिवेशन सुनिश्चित भएको छ । नेता कार्यकर्ताहरु अधिवेशनका लागि जिल्ला र गाउँ जान सुरु भइसकेको छ । नौ लाखको हाराहारीमा रहेका कांग्रेस क्रियाशील सदस्य पार्टीको गाउँ/नगर वडा अधिवेशनका मतदाता हुन । क्रियाशील सदस्यहरुले आफने वडा समिति र क्षेत्रीय प्रतिनिभिको चयन गर्ने विधानमा उल्लेख छ ।

सभापति देउवाले क्रियाशील सदस्यता विवरणमा हस्ताक्षर गरेपछि प्रतिवेदन बाँकी पृष्ठ २ मा

**Vacancy Announcement**

A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserved applicants for the following positions:-



1. Documentaion - 2 (Female)
2. PRO - 4 (Male-Female)
3. Receptionist - 3 (Female)

SALARY: NOGITABLE

*Experience: 2 Years on Manpower field.*
*Knowledge of computer (Office Package, Photoshop).*

**AAYUSH OVERSEAS PVT. LTD.**
Sinamangal-09, Kathmandu, Nepal
Tel.: 01-4484789, 4484468 | Mob: 9861775774, 9823663346
E-mail : aayushoverseas123@gmail.com
Govt.Lic.No. 1341/073/074

# मन्त्रालय र विभागको हानाथापले खुलेन नयाँ ट्याक्सी दर्ता

अनुशा थापा/मध्यान्ह
काठमाडौं, ८ भदौ

यातायात मन्त्रालय र यातायात व्यवस्था विभागको हानाथापले नयाँ ट्याक्सीको दर्ता खुलेको छैन् । जसका कारण सरकारले नै सिन्डिकेट लगाएको छ ।

काठमाडौं त्रिपुरेश्वरबाट दरबारमार्ग जानको लागि केदार कार्की ट्याक्सी कुरिरहेका थिए । ट्याक्सी कुरेको करिब ५ मिनेट जतिमा ट्याक्सी पाए । ट्याक्सी त पाए तर भाँडाको विषयलाई लिएर उनी ट्याक्सी चालकसँग १० मिनेट जति आनाकानी गर्नमै व्यस्त भए । त्रिपुरेश्वरबाट दरबारमार्ग बढीमा ३ किमि होला । ३ किमिसम्म यात्रा गर्नको लागि ट्याक्सी चालकले ४०० रुपैयाँ मागको कार्की बताउँछन् । ४ सय महङ्गो भयो भनेर उनले मिटरमा जाने विचार गरे । तर त्यहाँ भएको ट्याक्सी मिटरमा जान मानेन् ।

त्यस्तै नागरिक अस्पतालबाट गुण्डु जानको लागि २ जना महिला ट्याक्सी कुरिरहेकी थिइन् । ट्याक्सी कुरेको आधा घण्टा भइसक्यो । अझैं पनि टयाक्सी नपाएको उनीहरुको गुनासो थियो । अहिले सञ्चालनमा रहेको ट्याक्सी मिटर जडित कालोप्लेटको ट्याक्सीले यात्रुहरुलाई




सेवासुविधा दिएको छैनन् । ट्याक्सी मिटरमा हिँड्दैन् । भएको ट्याक्सी पनि पुराना, थोत्रा भइसकेको छन् ।

यहि सन्दर्भमा यातायात मन्त्रालयसँग बुझ्न खोज्दा मन्त्रालयका प्रवक्ता नभएको जानकारी मन्त्रालयकै कर्मचारी प्रतिमा कारञ्जितले बताइन् । नयाँ ट्याक्सीको दर्ताको विषयमा उनीसँग केही जानकारी बुझ्न खोज्दा उनले भनिन्, 'यो हामीले भन्ने होइन् । यातायात यवस्था विभागले हेर्ने हो ?'

मन्त्रालयबाट विभागको नम्बर ०१४४७९६९० पाइयो । तर विभागको प्रवक्ताको पनि फोन उठेन् । अरु कर्मचारीले पनि फोन उठाएनन् । यातायात व्यवस्था विभागको महानिर्देशक नवराज घिमिरेको पनि फोन उठेन ।

सार्वजनिक सवारी साधनले सरकारले तोकेको भन्दा बढी भाँडा लिएको गुनासाहरु आउन थालेका छन् । अर्कोतर्फ कोरोना संक्रमणबाट बच्नका लागि सरकारले लागू गरेको सुरक्षा मापदण्ड समेत सार्वजनिक यातायातले पालना गरेका छैनन् । तर पनि कारबाहीमा कसैको ध्यान जान सकेको छैन ।

प्रदेश ३ सरकार भने नयाँ ट्याक्सीको दर्ता खोल्न यातायात मन्त्रालय र केन्द्रीय सरकार देखाउँछ । यातायात मन्त्रालय र यातायात व्यवस्था विभाग प्रदेश सरकार देखाउँछ । यताबाट उता गर्दै सिण्डिकेट हटाउने र नयाँ ट्याक्सी खोल्ने नाममा जनता झुल्याउने काम भइरहेको गुनासोहरु आउन थालेको छ ।

नयाँ ट्याक्सीको दर्ता खोल्ने कसले ?, विभाग र मन्त्रालय आफ्नो जिम्मेवारीबाट पन्छिसकेको छ । यसको फाइदा ट्याक्सी व्यवसायलाई भइरहेको छ । नयाँ ट्याक्सीको दर्ता कहिले खोल्ने हो बारे उत्तर दिन प्रदेश सरकार, यातायात मन्त्रालय र विभाग तयार छैन् । यसो गर्दा सिण्डिकेट कायम रहने भो ? भन्दै धेरै जनगुनासाहरु आउन थालेको छ ।

मिटर ट्याक्सी सेवा व्यवसायी पालिकाका अध्यक्ष हरिकृष्ण बस्नेत व्यवसायीहरुले सरकारलाई ट्याक्सी नयाँ ट्याक्सी दर्ता खोल्न नदिने बताउँछन् । उनी भन्छन्, 'यदि सरकारले नँया ट्याक्सीको दर्ता खोल्यौ भने आन्दोलन गर्छौं । जनताले पैसा तिरेर राम्रो ट्याक्सी चढ्न नपाउने भन्दा राम्रो गाडी चढ्न निजी गाडी किनेर चढ्नुपर्छ ।'

सार्वजनिक यातायात केन्द्रीय महासंघका महासचिव भरत नेपाल भन्छन्, 'यातायात क्षेत्रको सरकार नै हामी हौं ।

# रौतहट लागूऔषध घटनामा प्रहरी प्रमुख शाहको समेत संलग्नता !

इसत्याक अहमद/मध्यान्ह
रौतहट, ८ भदौ

रौतहटमा विभिन्न षड्यन्त्र गरी निर्दोष पत्रकारलाई लागूऔषध कारोबारमा फसाएको घटनामा रौतहटका प्रहरी प्रमुख एसपी सिद्धिविक्रम शाह समेत संलग्नता देखिएपछि जिम्मेवारीबाट हटाइने भएको छ ।

गत साउन ३२ गते निर्दोष पत्रकारको मोटरसाइकलमा लागूऔषध राखिदिएर पक्राउ गरिएको प्रकरणमा (एसपी) शाहको समेत संलग्नता रहेकोले उनीमाथि छानविनका लागि जिम्मेवारीबाट हटाउन लागिएको हो । घटनामा संलग्नता देखिएकाले शाहलाई प्रदेश प्रहरी कार्यालयमा तान्ने गरी उनको ठाउँमा नयाँ एसपी पठाउने तयारी गरिएको प्रहरी



प्रधान कार्यालय नक्सालले जनाएको छ ।

केन्द्रीय प्रहरी प्रवक्ता एसएसपी वसन्तबहादुर कुँवरका अनुसार घटनामा शाहको संलग्नताबारे छानविन गर्न प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) कृष्ण महतको नेतृत्वमा ४ सदस्यीय समिति बनाएको छ । समितिमा कानूनी शाखाका डीएसपी ज्ञानेन्द्र बस्नेतलगायत सदस्य रहने छन् । निर्दोष साबित भएर रिहामुक्त भएका पत्रकार मोहम्मद मोजिबुल्लाहलाई फसाइएको घटनामा एसपी शाहको संलग्नता रहे नरहेकोबारे छानविन गरेर प्रहरी महानिरीक्षकलाई प्रतिवेदन बुझाउनु पर्नेछ । यस्तै मोजिबुल्लाहलाई लागूऔषध मुद्धामा फसाएका धिरज यादव र जितेशकुमार यादवमाथि हाल अनुसन्धान भइरहेको छ भने सोही प्रकरणमा संलग्न प्रहरी सहायक निरीक्षक उदयप्रसाद यादव र प्रहरी जवान मनोज शाह समेत निलम्बनमा परिसकेका छन् ।

## २ जेठमा...

गरेको छ । प्रतिनिधिसभा विघटन, नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा समर्थन जस्ता राजनीतिक विषयमा भने पछि समीक्षा गर्ने एमालेले निर्णय गरेको प्रवक्ता ज्ञवालीले बताए ।

## चन्द्रागिरीमा....

वैज्ञानिक समाजवाद भएको उल्लेख गर्दै शोषण, उत्पीडन र विभेद्को अन्त्य गर्दै समानतासहितको स्वतन्त्रतामा पुग्न सकिने विश्वास गरिएको छ । विधानमा शान्तिपूर्ण सङ्घर्ष र लोकतान्त्रिक विधिबाट मुलुकको आर्थिक सामाजिक रुपान्तरणसहित राष्ट्रिय पूँजीको विकास गरेर सामाजिक न्याय र लोकतान्त्रिक मूल्य मान्यतासहितको समाजवादका आधार निर्माण गर्नु पार्टीको तात्कालीन लक्ष्य रहेको जनाइएको छ ।

बैठकपछि पत्रकारसँग कुरा गर्दै अध्यक्ष नेपालले गलत प्रवृत्ति, विचार र मूल्यका विरुद्ध विद्रोह गर्दै नयाँ पार्टी गठन गरिएको बताए । पूर्वप्रधानमन्त्री नेपालले एमालेको नेतृत्वले विधि, विधानको कुनै पालना नगरेको जनाउँदै विद्रोह गर्नुपरेको स्पष्ट गरे । यो पार्टीमा पदाधिकारी संख्या भने बढ्ने भएको छ । केन्द्रीय कमिटीमा अध्यक्ष एक, वरिष्ठ नेता एक, उपाध्यक्ष सात, महासचिव एक, सचिव सात गरी १७ पदाधिकारीसहित ११५ पूर्ण र ३६ वैकल्पिक सदस्य गरी १५१ रहनेछन् ।

## कतार ...

सीमा सुरक्षा उल्लंघन गर्ने ९ हजार ७५ र श्रम कानून उल्लंघन गरेको आरोपमा १ हजार ३ सय ८९ जना छन् ।

## महाधिवेशनतिर....

पार्टीको केन्द्रीय निर्वाचन समितिलाई हस्तान्तरण हुनेछ । निर्वाचन समितिले क्रियाशील सदस्यताको विवरण प्राप्त गरेलगत्तै एक/दुई दिनभित्र सम्पूर्ण जिल्लामा पुऱ्याइसक्ने समिति संयोजक महादेवप्रसाद यादवले बताए । समय कम भएकाले समितिले स्थल र हवाई यातायातका साथै कतिपय हिमाली जिल्लामा हेलिकोप्टर समेत प्रयोग गर्ने उनले बताए ।

निर्वाचन समितिले क्रियाशील सदस्यता नामावली सूची, पार्टीको विधान र नियमावली, निर्वाचन निर्देशिका, अधिवेशनमा निर्वाचित हुने सदस्यलाई प्रदान गर्ने प्रमाणपत्रसहितको बण्डल प्रत्येक जिल्ला सदरमुकाममा वडा अधिवेशनको कम्तीमा एक साता अघि र त्यसको दुई दिनभित्र प्रत्येक वडामा पुऱ्याउने लक्ष्य राखेको छ । सबै सामग्री छपाइको सम्पूर्ण काम सम्पन्न भइसकेको र सबै वडा तथा निर्वाचन समितिका लागि करिब सातदेखि आठ हजारको बण्डल बनाएर देशभर पठाइने उनले बताए । समितिले तराई र सुगमका ४१ जिल्लामा योजनाअनुसारको निर्धारित समयमै निर्वाचन सामग्री पुग्ने अपेक्षा गरेको र बाँकी हिमाली तथा विकट पहाडी ३६ जिल्लामा भने यातायातको केही चुनौती रहेको जनाएको छ । यसबाहेक पार्टीले अधिवेशनमा कोभिड-१९ को महामारी, बाढीपहिराको प्रकोपलगायत चुनौतीको पनि सामना गर्नुपर्ने देखिन्छ । निर्वाचन अधिकृतले सम्बन्धित जिल्लाका पार्ट्टी सभापति र शिक्षक संघसँग समन्वय गरी वडास्तरमा मतदान अधिकृत तोक्ने संयोजक यादवले बताए ।

कांग्रेसले पार्टीमा पूर्ण लोकतान्त्रिक अभ्यासका लागि विधानमा संशोधन गरी टोल, वडा, गाउँपालिका/नगरपालिका, प्रदेशसभा निर्वाचन क्षेत्र, प्रतिनिधिसभा निर्वाचन क्षेत्र, जिल्ला कार्यसमिति, प्रदेश कार्यसमिति र केन्द्रीय कार्यसमितिको तहगत व्यवस्था गरेको छ । नयाँ विधानअनुसार कांग्रेस केन्द्रीय कार्यसमिति एक सभापति, दुई उपसभापति, दुई महामन्त्री, आठ सहमहामन्त्री, एक कोषाध्यक्ष र बाँकी सदस्य गरी कुल १६८ सदस्यीय हुनेछ ।

गत साउन ३० गतेको कांग्रेस केन्द्रीय कार्यसमिति बैठकले पार्टीको १४औं महाधिवेशनका लागि गाउँ/नगर/उपमहानगर र महानगरपालिकाको कार्यसमितिको सभापतिको उम्मेदवार क्षेत्रीय प्रतिनिधिबाट हुन पाउने, सभापति बाहेकको कार्यसमितिका पदाधिकारी र सदस्यको उम्मेदवार क्रियाशील सदस्य पनि हुन सक्ने र गाउँ/ नगर/ उपमहानगर/ महानगरपालिका कार्यसमितिमा मतदाता वडा सभापति र क्षेत्रीय प्रतिनिधि हुने व्यवस्था गरेको छ ।

## बझाङ डायरी

तरुणा जोशी / मध्यान्ह

### किशोरीमाथि बलात्कार प्रयासको आरोपमा युवक पक्राउ

बझाङमा एक किशोरीमाथि बलात्कार प्रयास गरेको अरोपमा एक युवकलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा मष्टा गाउँपालिका-२ खिकलाका १९ वर्षीय राजेन्द्र बिक रहेका छन । उनले यहि भदौ ४ गते शुक्रबार बेलुकी सोही ठाउकी १६ वर्षीया किशोरीमाथि बलात्कार प्रयास गरेको जिल्ला प्रहरी कार्यालय बझाङले जनाएको छ । राजेन्द्रले धारामा पानी भर्न गएकी किशोरीलाई बाटोबाटै तानी आफनो गोठभित्र लगेर जबरजस्ती प्रयास गरेको अनुसन्धानबाट खुलेको बझाङ प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक कमलप्रसाद चौधरीले मध्यान्हलाई बताए । बलात्कार प्रयास भएको सूचना प्राप्त हुनासाथ राजेन्द्रलाई भदौ ५ गते पक्राउ गरी जवरजस्ती करणी उद्योग शिर्षकमा मुद्दा दर्ता गरेर अनुसन्धान भइरहेको प्रहरी निरीक्षक चौधरीले बताए । यस्तै गत असोज ८ गते घरबाट गोठ हिँडेकी मष्टा गाउपालिका २ खिकालाकै १२ वर्षीया सम्झना कामीलाई सोही गाउँको शिव मन्दिरमा बलात्कारपछि हत्या गरिएको थियो ।

उनको हत्यामा संलग्न रहेको आरोपमा खिकालाकै राजेन्द्र बोहरालाई प्रहरीले पक्राउ गरिसकेको छ । उनी हाल बाल सुधार केन्द्र दिपायलमा छन् ।

### हाड नातामा बिहे गर्ने महिला पक्राउ

बझाङ प्रहरीले हाड नाता बिहेमा कसुर ठहरिएकी एक फरार प्रतिवादीलाई पक्राउ गरेको छ । हाड नाता बिहेमा कसुर ठहरिएकी सोपना देवी कामीलाई शुक्रबार जिल्लाको बुंगल नगरपालिका-३ दह सिराडबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय बझाङले जनाएको छ । उनले रिउलो कामीसँग बिहे गरेको भन्दै मन्धिरे कामी भन्ने गणेश बिकले जाहेरी दिएका थिए । ततपश्चात पक्राउ परेकी उनलाई जिल्ला अदालतले साउन २० गते १ वर्ष कैद र १० हजार जरिवानाको सजाय सुनाएको थियो । त्यसपछि फरार सूचीमा रहेकी उनलाई पक्राउ गरी जिल्ला अदालतमा पेश गरेकोमा अदालतले उनलाई मंगलबार कैद भुक्तानका लागि कारागार चलान गरेको जिल्ला प्रहरी कार्यालय बझाङका सूचना अधिकारी प्रहरी निरीक्षक कमलप्रसाद चौधरीले बताए ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७४/०२/२३ मा दर्ता भएको **लि. नं. २६९३३७** को **मापा इन्भेष्टमेन्ट कम्पनी लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/०५/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३२ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मोटरसाइकल हराएको सूचना**
मिति २०७८/०१/०१ गते मनमैजु, छन्त्याल चोक, काठमाडौंको पार्किङ्गबाट बा ९२ प ८०९३ नम्बरको रातो–कालो रंगको पल्सर **220CC** मोटरसाइकल हराएको हुँदा पाउनुहुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।
**सवारी धनीः राज कुमार श्रेष्ठ**
**च्यासिस नं: MD2A13EY1JCK0**
**इन्जिन नं: DKYCJK05836**
**सम्पर्क: 9849372524**

**Bhotkhola Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Bhotkhola, Sankhuwashava**
**Province no.1,Nepal**

**Invitation for Bids For**

**"Construction of 5 Bed Primary Hospital Bhotkhola Rural Municipality ward No:03, hatiya, Sankhuwasabha,Nepal"**
**Contract Identification No: BRM/W/NCB/B/1/077-078**
**Date of publication: 2078/05/08 B.S.**

1. The Government of Nepal [GoN] has allocated funds towards the cost of [Construction of 5 Bed Primary Hospital Bhotkhola Rural Municipality ward no:3,hatiya,Sankhuwasabha, Nepal] and intends to apply part of the funds to cover eligible payments under the Contract for BRM/W/NCB/B/1/078-079. Bidding is open to all eligible as per Section V of bidding document..
2. The Bhotkhola Rural Municipality,hatiya,Sankhuwasabha electronic bids only from eligible bidders for the construction of "Construction of 5 Bed Primary Hospital Building (RCC Building),Land Develelopment works, Electrical and sanitary works,Construction of water tanks,septic tank, soak pit," under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: **Nrs.4,90,00,000.00.**
   - Minimum Work experience of similar size and nature: at least one Contracts of construction of Hospital Building Construction in hilly reason within the last five(5) years, each with a value of at least NRs **5,20,00,000.00** that have been successfully or are substantially completed and that are similar to the proposed works. The similarity shall be based on the physical size, complexity, methods, technology or other characteristics as described in Section VI, Works Requirements.
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Bhotkhola Rural Municipality, Bhotkhola, Sankhuwashava or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.**
5. Bidder must submit their bid electronically can download complete set of the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document equal to non refundable fee of [Nrs. 5000] in the Project's Rajaswa (revenue) account as specified below
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank: Global IME Bank ,, Bhotkhola Branch**
   **Name of Office: Bhotkhola Rural Municipality, bhotkhola, Sankhuwashava**
   **Aantarik rajaswa Account no.: F604010000008 (For bid document Purchase)**
   **Dharauti Account no.: F604010000004 (For bid security deposit)**
6. Pre-bid meeting shall be held at **Bhotkhola Rural Municipality Office, Bhotkhola, Sankhuwashava at 15:00 hrs on 2078/5/18 B.S..**
7. Electronic bids must be submitted to the office of bhotkhola Rural Municipality, Bhotkhola, Sankhuwashava through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 hrs of 2078/06/8 Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hrs of 2078/06/8 at the office of bhotkhola Rural Municipality, Bhotkhola, Sankhuwashava .Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of Nrs.20,00,000.00, which shall be valid for 30 days beyond the validity period of the bid .
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing rules and regulations of Nepal.
11. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative officer**

# भारतमा बेचिनबाट यसरी जोगिइन् प्रेम विवाह गरेकी युवती

गोमती पाल/मध्यान्ह
महेन्द्रनगर, ८ भदौ

माया जालमा पारी विवाहका नाटक गरी भारत बेच्न लगिएकी एक युवती नेपाल फर्किएकी छन् । बैतडीको पुर्चौडीकी ती युवतीलाई भारतीय प्रहरी, आफन्त नेपाल र दलित एकता सञ्जालले उद्धार गरी नेपाल फर्काएको हो ।

उद्धारकर्मीहरुका अनुसार उनलाई भारतको चर्चित जि.बी रोड नजिकमा भेटिएकी युवतीलाई भारतीय सुरक्षाकर्मीको सहयोगमा उद्धार गरिएको छ ।

बैतडीको सुर्नया गाउँपालिकाका विकास मैडेले प्रेमजालमा पारी विवाह गर्ने प्रलोभन दिएर भारत पुगाएका थिए । ती युवतीका आफन्तका अनुसार कैलाली आएकी उनलाई सुर्नयाका ती युवकले विवाह गर्ने प्रलोभनमा दिल्ली लगेर बेच्न खोजेका थिए ।

'कुराकानी गर्दै जाँदा माया बस्यो, युवकले विवाह गर्ने प्रस्ताव राखेपछि विश्वास गरेर केटासँगै दिल्ली जाने मन बनाईन्' युवतीका आफन्तले भने । 'अगस्ट ११ तारिखका दिन भारततर्फ जाँदै गर्दा गड्डाचौकीमा चेकजाच गर्दा फर्किएपछि फेरि उनलाई अर्को बाटो भएर लगिएको हो ।'



ती दुबैको नाता प्रमाणित हुने कागजात नभेटिएपछि युवतीलाई फर्काएर आफन्तको जिम्मा लगाइएको थियो । जिल्ला प्रहरी कार्यालयबाट आफन्तको जिम्मा लगाइएका उनलाई झोलङ्गे पुलको बाटो हुँदै भारत पुऱ्याइएको थियो । भारत लगेपछि उनलाई लैजाने मडैले कोठामा लगेर फरार भएका थिए । उनी युवतीलाई भारतीयको जिम्मा लगाएर फरार भएका थिए । भारतीयले उनलाई ती युवक मासु लिन बाहिर गएको भनेर ढाँटेका थिए । भारतीयले युवतीसित जबरजस्ती गर्न थालेपछि उनी प्रतिकार गरी भाग्न सफल भएकी थिइन् । त्यसपछि अलपत्र परेकी उनलाई एक जनाले प्रहरीको जिम्मा लगाएको थियो ।

प्रहरीले नेपाली राजदूतावासमा सम्पर्क गरी राति झण्डै एक बजे दूतावासको प्रवेशद्वारमा पुगाइएको थियो । दुतावासको कर्मचारीले त्यसपछि मानव बेचबिखनविरुद्ध सक्रिय संस्था र आफन्तलाई जानकारी गराएका थिए । आफन्त नेपालको टिम र दिल्ली महिला आयोगको टोली दूतावास पुगेर परामर्श गर्नुको साथै मेडिकल गराई ती युवती ल्याउने व्यक्ति र कोठामा राख्ने व्यक्तिको खोजबिन र छानबिन गर्न दिल्ली प्रहरीसँग समन्वय गरी खोजतलास गरेको थियो । ती युवक अझै फरार रहेका छन् ।

दलित एकता सञ्जाल र आफन्त नेपालको संयुक्त पहलमा उनलाई स्वदेश फिर्ता गराइएको छ । स्वदेश फिर्ता गराउने टिमको नेतृत्व भने दलित एकता संजाल नेपाल (भारत)की ममता बिक.ले गरेकी थिइन् ।

**सिन्धुपाल्चोक डायरी**

देवराज सुवेदी/मध्यान्ह

# दुवाचौरमा रोपाईं जात्रा सम्पन्न

सिन्धुपाल्चोकको मेलम्ची ७ मा रोपाईं जात्रा धुमधामका साथ सम्पन्न भएको छ । हरेक वर्ष गाईजात्राको भोलिपल्ट रोपाईं जात्रा गर्ने गरिन्छ ।

प्रताप मल्लको पालाबाट मनाइँदै आएको रोपाईं जात्रालाई आफुहरुले निरन्तरता दिँदै आएको स्थानीय विरबहादुर श्रेष्ठले मध्यान्हलाई जानकारी दिए । मौलिक जात्राको रुपमा मनाइने रोपाईं जात्रामा धान रोप्नेदेखि लिएर रमाइलो गर्नेसम्मका कार्य गरिन्छ । कृषिप्रधान देश भएका कारण धान रोपी सकेपछि बाटोमा धान रोपी, हिलो छ्येपेर रमाइलो गर्ने श्रेष्ठको भनाइ छ ।

झाँकी सहितको जात्रामा दुवाचौर स्वस्थ्य चौकीबाट रोपाईं शुरु गरेर बजार परिक्रमासँगै पोखरेदेखि सेल्लेसम्म पुगेर जात्रा सम्पन्न भएको छ ।

मेलम्ची ७ दुवाचौरको रोपाइँ जात्रामा खेतमा छ्यापेको हिलोको प्रतीकका रूपमा विभिन्न रङ दली सांस्कृतिक झाँकीसहित रोपाहारले रोपेको र बाउसेले बाउसे गरेको अभिनय गर्दछन् ।

किसानलाई फुर्सद भएकाले रोपाईं जात्रामा कामको थकान मेटिने, मनोरञ्जन हुने, व्यङ्ग्य गर्ने, राजा रानीको रुपजस्तो



श्रीपेच लगाएर घोडा चढेर आउने झाँकीले त्यसबेला राजादेखि प्रजासम्मले रोपाईं जात्रामा सहभागी भई कृषकसँग खुसीका हातेमालो गर्दथे ।

विशेषतः नेवार र अन्य जातीहरु समेत यसमा सहभागी हुन्छन् । धा बाजा, लाखे नाच, मकुन्डोको प्रयोग आदिले यो तान्त्रिक, धार्मिक, सांस्कृतिक महत्त्वको जात्रा बनेको छ ।

यसले साँस्कृतिक एवं जातीय एकतालाई मजबुत बनाउँदै लगेको पाइन्छ । धार्मिक, सांस्कृतिक एकताको अनुपम नमुना हो रापाईं जात्रा । यसलाई संरक्षणमा अझ जोड दिन सके पर्यटन प्रवर्द्धन हुने समाजसेवी रामकृष्ण श्रेष्ठको भनाइ छ ।

## इन्द्रावती तेस्रो जलविद्युत आयोजनाको ड्याम छेउमा निरन्तर पहिरो



पाँचपोखरी थाङ्पाल गाउँपालिका वडा नं. ८ लाँगर्चे इन्द्रावती तेस्रो जलविद्युत आयोजनाको ड्याम साइडमा ठुलो पहिरो गएको छ ।पहिरोमा मेगा बैंकमा कार्यरत कर्मचारीको एक मोटरसाइकल पुरिएको छ । मानवीय क्षति भने नभएको स्थानीय राजन भुजेलले मध्यान्हलाई जानकारी दिए ।

पहिरो निरन्तर खसिरहेकाले जोखिम रहेको जलविद्युत आयोजनाका प्रमुख मानोलक श्रेष्ठले जानकारी दिए । निरन्तरको वर्षापछि आएको पहिरोले मेलम्ची भेताङ्ग जोड्ने मोटरबाटोमा पनि क्षति पुगेको छ । यस क्षेत्रमा पैदल हिंड्न् समेत डरमर्दो अवस्था रहेको भुजेलले बताए ।

असार १ र त्यसपछिका बाढी पहिरोले यस सडकमा यातायातका साधन चलेका छैनन् । पहिरोले पुल बगाएको तथा जतातत्तै सडक क्षति भएकाले मर्मतमा समस्या भएको गाँउपालिकाले जनाएको छ ।

## उत्पादन भएको तरकारी बेच्ने ठाउ नहुदा किसान चिन्तित

उत्पादन भएको गोलभेडा र अन्य तरकारी बेच्ने ठाउँ नहुँदा सिन्धुपाल्चोकका किसान चिन्तित भएका छन् । असार १ गते र साउन १६ गते मेलम्ची, हेलम्बु र पाँचपोखरी आसपासमा आएको बाढीले व्यापारिक केन्द्रसम्म पुग्ने सडकमा क्षति पुगेपछि किसानले उत्पादन गरेका तरकारीले भाउ नपाएको हो ।

दैनिक २० देखि २५ किलो गोलभेडा उत्पादन गर्दै आएका वडा नम्बर ६ का झोक्की वाईबाले बाटो नभएका कारण उत्पादित तरकारी गाई तथा अन्य वस्तुलाई खुवाउनुपर्ने बाध्यता रहेको भन्दै गुनासो पोखे । पाँचपोखरी थाङ्पाल गाउँपालिका कृषि विकास शाखाको आर्थिक तथा प्राविधिक सहयोगमा श्री थाङ्पालधाप साना किसान कृषि सहकारी संस्था र श्री थाङ्पालधाप कृषि तथा पशुपंछी फर्मको समन्वयमा शुरु गरिएको तरकारीखेतीको अनुगमनमा पुगेका गाउँपालिकाका कर्मचारी र जनप्रतिनिधिसँग किसानले सो गुनासो गरेका हुन् । दैनिकरुपमा २० देखि २५ किलो गोलभेडा उत्पादन हुने गरेको भन्दै फर्मका संचालक झोक्की वाईबाले तालिमपछि राम्रो आम्दानी हुन थालेको मध्यान्हलाई बताए ।


## कतार र साउदीमा रोजगारको अवसर

१. कम्पनी: JASBRO CORPORATION TRADING &CO — शहर: Doha
पूर्व स्वीकृत मिति: २०७८/०५/०८ — चलानी नं.: ६०१६१८३८ — LT. No.: 243947

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | स. काममा दक्ष | 1000 | ३२,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: BETCHEL TRADING AND CONTRACTING — शहर: Doha
पूर्व स्वीकृत मिति: २०७८/०५/०८ — चलानी नं.: ६०१६१८३७ — LT. No.: 243927

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,४१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Reinforc Fitter | 10 | 0 | | 1200 | ३८,४१२ | | | | | | | |

३. कम्पनी: MAVEN TRADING AND INSTALLATION — शहर: Doha
पूर्व स्वीकृत मिति: २०७८/०५/०८ — चलानी नं.: ६०१६१८३९ — LT. No.: 243946

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 2 | 0 | स. काममा दक्ष | 1700 | ५४,४१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

४. कम्पनी: SPOT MEDIA ADVERTISING — शहर: Doha
पूर्व स्वीकृत मिति: २०७८/०५/०८ — चलानी नं.: ६०१६१८३३ — LT. No.: 243926

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | स. काममा दक्ष | 1000 | ३२,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

५. कम्पनी: ABDULLAH FAHAD AL MUTAIRI SUPPORT SERVICE CO. LTD — शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०७८/०५/०८ — चलानी नं.: ६०१६१८३६ — LT. No.: 244351

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOR | 100 | 0 | स. काममा दक्ष | 1000 | ३१,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

Noon.com अन्तर्गत E-Commerce Associates हरूको माग भएकाले परामर्शको लागि सम्पर्क गर्नुहोला ।

६. कम्पनी: ROYAT AL-GHAD CO. FOR SUPPORT SERVICES — शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०७८/०५/०८ — चलानी नं.: ६०१६१८३५ — LT. No.: 244350

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOR | 17 | 0 | स. काममा दक्ष | 1000 | ३१,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

७. कम्पनी: SAMA AL KAYAN GENERAL CONTRACTING COMPANY — शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०७८/०५/०८ — चलानी नं.: ६०१६१८३४ — LT. No.: 244321

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOR | 20 | 0 | स. काममा दक्ष | 1000 | ३१,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

यसै कम्पनीको लागि House Keeping को पनि माग भएकाले परामर्शको लागि सम्पर्क गर्नुहोला ।

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ १६ गते (1 Sept. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | कतार कम्पनीको नि:शुल्क साउदीको रु. १००००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Link International Placement Service Pvt.ltd.**
Govt. Lic. No.: 821/066/067 — ISO 9001 : 2015
Tokha-10, Prayasnagar, Samakhusi, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158



## साउदीमा रोजगारको अवसर

कम्पनी : ABSHAR FOR OPERATION AND MAINTENANCE COMPANY — शहर: Jeddah
पुर्व स्वीकृत मिति: २०७८/०३/१३ — चलानी नं.: ६०१५९२४६ — LT. No.: 241420 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 50 | 0 | स. काममा दक्ष | 1000 | ३१,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ भदौ १६ गते (1 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**सेफल्याण्ड ओभरसिज प्रा. लि.**
श्रम इ. पत्र नं. ७६७/०६४/०६५
Office Address : Gongabu, Townplanning-26 Kathmandu, Nepal.
Tel No.: 4380116, 4380115, 4353651 | Mobile No.: 9813199445
चिकेन प्रोसेसिङ्ग कम्पनीको लागि पनि कामदारहरूको माग भएकोले इच्छुकले परामर्शको लागि सम्पर्क गर्नुहोला ।



## कतारमा रोजगारको अवसर

कम्पनी : FUTURE PIPE INDUSTRIES — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७७/११/२३ — चलानी नं.: ६०१५५१४४ — LT. No.: 236725 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 31 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Technician | 7 | 0 | | 1100 | ३५,२११ | | | | | | | |
| 3. | Supervisor | 1 | 0 | | 3000 | ९६,०३० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा भदौ १६ गते (1 Sept. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**हेराल्ड ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ५१३/०६१/०६२
पो.ब.नं. १६१, नयाँबानेश्वर, काठमाडौं, फोन: ४४७५३३९, ४४६८६९७, ४४७६६०३



## कतारमा रोजगार

१. कम्पनी: SHELTER QATAR WLL — शहर: DOHA
पुर्व स्वीकृत मिति: २०७७/११/१० — चलानी नं.: ६०१५४७०७ — LT. No.: 236269 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tile Maker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३५,२११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Blacksmith | 10 | 0 | | 1100 | ३५,२११ | | | | | | | |
| 3. | Mason | 5 | 0 | | 1100 | ३५,२११ | | | | | | | |

२. कम्पनी: PICK AND SHAKE — शहर: DOHA
पुर्व स्वीकृत मिति: २०७७/०५/०८ — चलानी नं.: ६०१६१८२६ — LT. No.: 244277

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesman | 0 | 3 | स. काममा दक्ष | 1800 | ५७,६१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी: GREEN TECH REFRIGERATION AND AC CO — शहर: DOHA
पुर्व स्वीकृत मिति: २०७७/०५/०८ — चलानी नं.: ६०१६१८२५ — LT. No.: 244278

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 5 | 0 | स. काममा दक्ष | 1000 | ३२,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा भदौ १६ गते (1 Sept. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ रु. १०,०००/- अन्य नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Mobhira Recruitment Consultancy services (P.) Ltd.**
साविकको नाम: रिजा ह्युमन रिसोर्स प्रा. लि.
श्रम इजाजत नं. १४६९/०७४/०७५ — बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोन: ०१-४३७८८४२, ४३७८९३६, मो.: ९८२३६६८१६०, ९८०१०८५६३८
Email: hr@mobhiraservices.com, Web: www.mobhiraservices.com

## सम्पादकीय

# महामारीमा मजाक !

विश्वव्यापी कोरोना महामारीको संक्रमण नेपालमा कायमै छ । मंगलबार कोरोना संक्रमणबाट ३५ जनाको मृत्यु भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । मन्त्रालयको तथ्याङ्क अनुसार, मंगलबार थप दुई हजार २० जना संक्रमित थपिएका छन् । निको हुने संख्या पनि दुई हजार ६ जना छन् । अर्थात् संक्रमित हुने र निको हुने संख्या हाराहारी छ । अहिलेसम्म नेपालमा सात लाख ५१ हजारमा संक्रमण पुष्टि भएको छ भने सात लाख निको भएका छन् । अझै ३८ हजार संक्रमित उपचारत छन् । महामारीबाट संक्रमित हुने र निको हुने भन्दा पनि ज्यान गुमाउने संख्या चिन्ताको विषय हो । स्वास्थ्य मन्त्रालयको रिपोर्ट अनुसार, नेपालमा दश हजार ५६८ जनाको मृत्यु भएको छ ।

यसको अर्थ कोरोना महामारी अहिलेको प्रमुख चिन्ता हो । राज्यको आँखामा एक जना नागरिकले पनि अकालमा ज्यान गुमाउनु ठूलो क्षति हो । किनकि नागरिकको बाँच्न पाउने अधिकार संविधानले सुनिश्चित गरेको छ । तसर्थ पनि नागरिकको जीवन रक्षा राज्यको दायित्व हो । तर अहिले रोकथाम भन्दा पनि सतर्कताप्रति नदेखाइएको उदासिनता डरलाग्दो देखिएको छ । गएको पुस–माघकै अवस्था मुलुकले खेपिरहेको छ । त्यसबेला पनि पहिलो लहरको महामारी केही कम भएको थियो, तर नियन्त्रणमा आएको थिएन । राजनीतिक नेतृत्व भने रोकथाम, उपचार र खोप जस्ता विषयप्रति उदासीन बन्यो । नागरिकलाई सामाजिक दूरी कायम गर्नुपर्ने नियम बनाएर राजनीतिक नेतृत्व भने ठूला सभासमारोह र भेला गर्नतिर लाग्यो ।

जसको कारण दोस्रो लहरको महामारीले पहिलो लहर भन्दा ठूलो क्षति हुन पुग्यो । पहिलो चरणमा तीन हजार हाराहारीमा मात्रै नागरिकले ज्यान गुमाएका थिए । तर दोस्रो लहरको तीन/चार महिनाभित्रै दश हजार नाघेको छ । अहिले फेरि राष्ट्रिय राजनीतिक उतारचढाबका कारण भेला, सभाहरू गरिन थालेको छ । नागरिकलाई भेला हुन रोक लगाएर नेतृत्व भने आफै महामारी रोकथाकका निम्ति अपनाइएको नियम तोडिरहेका छन् । सत्तारूढ नेपाली काँग्रेस महाधिवेशन केन्द्रीत गतिविधि निर्वाध ढंगले गरिरहेका छन् भने प्रमुख विपक्षी दल नेकपा एमाले विभाजित भएकाले महामारी रोकथामतिर ध्यान दिएका छैनन् । अर्थात् सत्तारूढ र विपक्षी नै महामारी रोकथाममा उदासिन भएपछि नागरिक पनि जिम्मेवार बन्न नचाहिरहेको देखिन्छ । सांस्कृतिक पर्वमा ठूला भीडभाड गर्न नहिच्किचाउनु महामारी प्रतिको मजाक हो । किनकि नागरिकको जीवन रक्षा सँग अरू कुनैपनि गतिविधि तुलनायोग्य हुन्न ।

## सामाजिक सञ्जाल



जयसिंह धामी वेपत्ता भएको आज २५ औ दिन ! म्याद सरेको सरै, पालैपालो जाँच समिति सदस्यको बिदा ! गृहमन्त्रालयद्वारा पत्राचार फिर्ता ! कायरता र क्रुरताको चरम नमुना ! जयसिंह धामी खोइ सरकार ? कि लाश देउ, कि सास देउ, कि न्याय देउ, कि राजिनामा देउ !

- **निर्मल प्रसाइँ**



युद्धमा आत्मसमर्पण गरेर आफ्नो क्याम्पमा छिरेका सिपाहीले भनेअनुसार कमाण्डरले बाँकी युद्ध चलाउँदैन । विश्वमा यस्तो इतिहास अहिलेसम्म छैन । उ आफ्नै रणनीति र योजनाअनुसार अघि बढ्छ, नकी आत्मसमरण गरेका केही लडाकुको चाहनाअनुसार ।

- **प्रकाश ढकाल**



अरे यार केपी ओलीको पालामा पेट्रोलियम पदार्थको मूल्य बढ्यो भन्दै विरोध जनाएको मैँले देउवाको पालामा कौनसा घट्यो र ? फोकटमा विरोध गरिएछ ओलीलाई, जुन जोगी आए नी चाल त पुरानै हुने हो, कोभिडको जिम्मा प्रशासनलाई दिएर सुतेकै छ सरकार, प्रशासनले निषेधाज्ञा बढाउँदै मात्र छ, बाँच्न गाऱ्हो छ ।

- **ठाकर क्षेत्री**



आगामी निर्वाचनमा कुन एजेण्डा लिएर जनतामाझ जालान नैतिकता हराएका राजनीतिज्ञहरू ? देश विकासको न कुनै एजेन्डा छ न कुनै दुरदर्शिता ! कम्युनिस्टहरूको त आदत नै भैसक्यो फुट्ने र जुट्ने, कांग्रेसको पनि उही ताल छ, अरूलाई फुटाएर आफू बलियो हुने । यस्ता नैतिक पतनबाट समृद्धि सम्भव छैन ।

- **डा. कौटिल्य**



शेरबहादुरजी प्रधानमन्त्री भएका बखत पनि पार्टीका नेता र सांसदले महंगा होटल तथा रिसोर्टमा 'थुनिन' नपाउने भए त्यस्तो अवसर उनीहरूलाई कहिले मिल्ला ? कोरोना संकट नभैदिएको भए उनीहरू बैंकक पुऱ्याइन पनि सक्थे ।

- **देवप्रकाश त्रिपाठी**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail .com

# कृषिको विकास र आर्थिक समृद्धि

नेपालमा कृषि क्षेत्रको उन्नतीको लागि किसानहरूलाई हौसला दिनु जरुरी छ अनि राज्यले कृषि नीति बनाउँदा दुर्गम तथा ग्रामिण क्षेत्रमा कृषि सहकारी वा लघुवित्त संस्थाको माध्यमबाट स्थानीय निकायको परिचालन गरि सामुहिक खेति प्रणालीको अबधारणा अगाडि बढाउन सके गरिबी तथा बेरोजगारी हटाउन सहयोग पुग्न सक्छ ।



● प्रेम लामा

नेपाल कृषि प्रधान देश हो । यहाँका ६६.७ प्रतिशत जनसंख्या प्रत्यक्षरुपमा कृषि पेशामा संलग्न छन् । देशको कुल ग्राहस्थ उत्पादनको करिब ३३ प्रतिशत भाग कृषि क्षेत्रले ओगटेको छ । नेपाल भौगोलिक हिसाबले हेर्ने हो भने सानो देश हो तर, हावा पानीको हिसाबले भने ठाउँअनुसार फरक-फरक किसिमको हावापानी पाईन्छ । जसले गर्दा ठाउँअनुसारकै कृषि उपजहरु उत्पादन हुन्छन् । कुनै एक ठाउँमा उत्पादन हुने मौसमी उपज अर्को ठाउँमा बेमौसमी र अनौठो हुन सक्छ जसले गर्दा आर्थिक आम्दानी गर्न सहयोग पुग्छ ।

सर्वप्रथम कृषि भनेको एउटा कला रहेछ अनि, विज्ञान पनि । जसमा हामीले विभिन्न वस्तुहरूको उत्पादन गर्छौं । त्यसको लागि विभिन्न विधिहरूको आवश्यकता पर्दोरहेछ । कृषि एउटा महत्वपूर्ण विषय हो । जसको एकदमै महत्वपूर्ण भूमिका हुन्छ । जस बिना प्राणीहरूको अस्तित्व हुन सक्दैन । मानिसलाई आफ्नो जीवन निर्वाह गर्नको लागि आवश्यक पर्ने खाद्यतत्व, पौष्टिकतत्व सम्पूर्ण कृषिबाटै लिनुपर्दछ । जस्तै खाद्यतत्व, दुध, माछा, मासु आदी । यति सानो देश अनि कृषि क्षेत्रमा यतिधेरै सम्भाव्यताको देश विश्वमा नै एक हो । जहाँ उच्च हिमाली भेगमा पशुपालन, पहाडी भेगमा फलफूल खेती र तराईमा खाद्यान्न उत्पादन हुन्छ । कृतिम तरिकाले बालीजन्य र पशुजन्य उत्पादन गर्नु भनेको कृषि हो ।

सामान्य अर्थमा बारीमा अन्न रोपी त्यसलाई गोडमेल गरेर उब्जाउने काम हो कृषि । पशुपालन, बाली उत्पादन, मतस्य पालन र अन्य जीव जन्तुको पालन वा खेती कृषि अन्तर्गत नै पर्दछन् । नेपाली समाजलाई नियालेर हेर्ने हो भने सबैभन्दा भरपर्दो पेशा कृषिलाई मान्न सकिन्छ । धेरै नेपालीको जिविकोपार्जनको बलियो आधार पनि कृषि नै हो ।

